# संघीय संसद
# प्रतिनिधि सभा
चौथो अधिवेशन
## बैठक संख्या - ४९

## सूचनापत्र - २
(बैठकको कारवाहीको संक्षिप्त विवरण)

२०७६ साल भदौ ३ गते मंगलबार

प्रतिनिधि सभाको आजको बैठक सम्माननीय सभामुख श्री कृष्ण बहादुर महराको अध्यक्षतामा दिनको १:०५ बजे प्रारम्भ भयो ।

सर्वप्रथम प्रारम्भ भएको शून्य समयमा निम्नलिखित मा० सदस्यहरुले विविध समसामयिक विषयहरुमा आ-आफ्नो भनाई राख्नुभयो :-

१. मा० श्री विना कुमारी श्रेष्ठ
२. मा० श्री विमला विश्वकर्मा
३. मा० श्री विरोध खतिवडा
४. मा० श्री शान्ता चौधरी
५. मा० श्री शान्तीमाया तामाङ (पाख्रीन)
६. मा० श्री सत्यनारायण शर्मा खनाल
७. मा० श्री सरला कुमारी यादव
८. मा० श्री सरिता कुमारी गिरी
९. मा० श्री सानु सिवा
१०. मा० श्री सीतादेवी यादव
११. मा० श्री सुजाता परियार
१२. मा० श्री हितबहादुर तामाङ
१३. मा० श्री हिरा गुरुङ
१४. मा० श्री वहादुर सिंह लामा (तमाङ)

त्यसपछि प्रारम्भ भएको विशेष समयमा निम्नलिखित मा० सदस्यहरुले भाग लिनुभयो :-

१. मा० श्री कृष्णगोपाल श्रेष्ठ
२. मा० श्री भिमसेनदास प्रधान
३. मा० श्री अमृता देवी अग्रहरी
४. मा० श्री प्रदिप यादव
५. मा० श्री रेनुका गुरुङ्ग
६. मा० श्री मोहन बानियां
७. मा० श्री तेजुलाल चौधरी
८. मा० श्री राजेन्द्र प्रसाद गौतम
९. मा० श्री देवप्रसाद तिमलसेना
१०. मा० श्री कल्याणी कुमारी खड्का
११. मा० श्री मिनबहादुर विश्वकर्म
१२. मा० श्री नारायणप्रसाद खतिवडा
१३. मा० श्री प्रेम सुवाल

तदुपरान्त प्रतिनिधि सभा नियमावली, २०७५ को परिच्छेद ८ बमोजिम स्वास्थ्य तथा जनसंख्या मन्त्रालयसँग सम्बन्धित मौखिक प्रश्नको उत्तर दिने कार्यक्रम अन्तर्गत प्रश्नकर्ता मा० श्री महिन्द्र राय यादवले आफ्नो प्रश्न नं. १० सोध्नुभयो ।

तत्पश्चात मा० उपप्रधानमन्त्री एवं स्वास्थ्य तथा जनसंख्या मन्त्री श्री उपेन्द्र यादवले उक्त प्रश्नको उत्तर दिनुभयो ।

त्यसपछि मा० मन्त्रीले निम्नलिखित मा० सदस्यहरुले सोध्नुभएको पुरक प्रश्नको उत्तर दिनुभयो :-

१. मा० श्री महिन्द्र राय यादव
२. मा० श्री प्रेम सुवाल
३. मा० श्री तेजुलाल चौधरी

तदुपरान्त प्रश्नकर्ता मा० श्री प्रेम सुवालले आफ्नो प्रश्न नं. ११ सोध्नुभयो ।

तत्पश्चात मा० उपप्रधानमन्त्री एवं स्वास्थ्य तथा जनसंख्या मन्त्री श्री उपेन्द्र यादवले उक्त प्रश्नको उत्तर दिनुभयो ।

त्यसपछि मा० मन्त्रीले निम्नलिखित मा० सदस्यहरुले सोध्नुभएको पुरक प्रश्नको उत्तर दिनुभयो :-

१. मा० श्री प्रेम सुवाल
२. मा० श्री महेश बस्नेत
३. मा० श्री रामबहादुर विष्ट

तदुपरान्त संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयसँग सम्बन्धित मौखिक प्रश्नको उत्तर दिने कार्यक्रम अन्तर्गत प्रश्नकर्ता मा० श्री महिन्द्र राय यादवले आफ्नो प्रश्न नं. १२ सोध्नुभयो ।

तत्पश्चात मा० संघीय मामिला तथा सामान्य प्रशासन मन्त्री श्री लालबाबु पण्डितले उक्त प्रश्नको उत्तर दिनुभयो ।

त्यसपछि मा० मन्त्रीले निम्नलिखित मा० सदस्यहरुले सोध्नुभएको पुरक प्रश्नको उत्तर दिनुभयो :-

१. मा० श्री महिन्द्र राय यादव
२. मा० श्री प्रेम सुवाल
३. मा० श्री तेजुलाल चौधरी

तदुपरान्त संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयसँग सम्बन्धित मौखिक प्रश्नको उत्तर दिने कार्यक्रम अन्तर्गत प्रश्नकर्ता मा० श्री विजय सुब्बाले आफ्नो प्रश्न नं. १३ सोध्नुभयो ।

तत्पश्चात मा० संघीय मामिला तथा सामान्य प्रशासन मन्त्री श्री लालबाबु पण्डितले उक्त प्रश्नको उत्तर दिनुभयो ।

त्यसपछि मा० मन्त्रीले निम्नलिखित मा० सदस्यहरुले सोध्नुभएको पुरक प्रश्नको उत्तर दिनुभयो :-

१. मा० श्री विजय सुब्बा
२. मा० श्री राजेन्द्र कुमार के.सी.
३. मा० श्री यज्ञराज सुनुवार

तदुपरान्त सम्माननीय सभामुखले आजको लागि निर्धारित मन्त्रालय सम्बन्धी प्रश्नोत्तर कार्यक्रम समाप्त भएको व्यहोरा जानकारी गराउनु हुँदै आजको दैनिक कार्यसूचीको क्रमसंख्या २ मा रहेको कार्यक्रम सूचीबाट हटाईएको व्यहोरा जानकारी गराउनु भयो ।

तत्पश्चात मा० कृषि तथा पशुपंछी विकास मन्त्री श्री चक्रपाणी खनालले "जीवनाशक विषादी व्यवस्थापन विधेयक, २०७५ का सम्बन्धमा राष्ट्रिय सभाबाट भएको संशोधनमाथि विचार गरियोस्" भन्ने प्रस्ताव प्रस्तुत गर्नुभयो ।

त्यसपछि उक्त प्रस्तावमाथिको छलफलमा निम्नलिखित मा० सदस्यहरुले भाग लिनुभयो :-

१. मा० श्री प्रेम सुवाल
२. मा० श्री पुष्पा भुसाल (गौतम)
३. मा० श्री प्रकाश रसाईली (स्नेही)

तदुपरान्त मा० कृषि तथा पशुपंछी विकास मन्त्री श्री चक्रपाणी खनालले छलफलमा उठेका प्रश्नहरुको जवाफ दिनुभयो ।

तत्पश्चात सम्माननीय सभामुखले "जीवनाशक विषादी व्यवस्थापन विधेयक, २०७५ का सम्बन्धमा राष्ट्रिय सभाबाट भएका संशोधनलाई स्वीकृत गरियोस्" भनी निर्णयार्थ प्रस्तुत गर्नुहुँदा सर्वसम्मतिबाट स्वीकृत भयो ।

त्यसपछि मा० अर्थ मन्त्री डा० युवराज खतिवडाले "अर्थ समितिको प्रतिवेदन सहितको आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व विधेयक, २०७५ माथि छलफल गरियोस्" भनी राख्नुभएको प्रस्तावलाई सम्माननीय सभामुखले निर्णयार्थ प्रस्तुत गर्नुहुँदा सर्वसम्मतिबाट स्वीकृत भयो ।

तदुपरान्त अर्थ समितिको प्रतिवेदन सहित आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व विधेयक, २०७५ माथिको छलफलमा निम्नलिखित मा० सदस्यहरुले भाग लिनुभयो :-

१. मा० श्री भरत कुमार शाह
२. मा० श्री प्रेम सुवाल
३. मा० श्री रेनुका गुरुङ्ग

तत्पश्चात मा० अर्थ मन्त्री डा० युवराज खतिवडाले छलफलमा उठेका प्रश्नहरुको जवाफ दिनुभयो ।

त्यसपछि सम्माननीय सभामुखले "आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व विधेयक, २०७५" का सम्बन्धमा अर्थ समितिको प्रतिवेदनको क्रमसंख्या १ देखि ३८ सम्म उल्लेखित संशोधनहरुलाई निर्णयार्थ प्रस्तुत गर्नुहुँदा सर्वसम्मतिबाट स्वीकृत भयो ।

तदुपरान्त सम्माननीय सभामुखले "आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व विधेयक, २०७५" का सम्बन्धमा अर्थ समितिको प्रतिवेदनको क्रमसंख्या १ देखि ३८ सम्म उल्लेखित संशोधनहरुलाई विधेयकको अंग बनोस् भनी निर्णयार्थ प्रस्तुत गर्नुहुँदा सर्वसम्मतिबाट स्वीकृत भयो ।

तत्पश्चात सम्माननीय सभामुखले विधेयकको दफा २ देखि ६८ सम्म "आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व विधेयक, २०७५" को अंग बनोस् भनी निर्णयार्थ प्रस्तुत गर्नुहुँदा सर्वसम्मतिबाट स्वीकृत भयो ।

त्यसपछि सम्माननीय सभामुखले विधेयकको प्रस्तावना र नाम पढेर सुनाउनु हुँदै "आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व विधेयक, २०७६" को अंग बनोस् भनी निर्णयार्थ प्रस्तुत गर्नुहुँदा सर्वसम्मतिबाट स्वीकृत भयो ।

तदुपरान्त मा० अर्थ मन्त्री डा० युवराज खतिवडाले "आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व विधेयक, २०७६ लाई पारित गरियोस्" भनी राख्नुभएको प्रस्तावलाई सम्माननीय सभामुखले निर्णयार्थ प्रस्तुत गर्नुहुँदा सर्वसम्मतिबाट स्वीकृत भयो ।

तत्पश्चात मा० भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्री श्री पद्मा कुमारी अर्यालले "कृषि, सहकारी तथा प्राकृतिक स्रोत समितिको प्रतिवेदन सहितको भुमि सम्बन्धी (आठौं संशोधन) विधेयक, २०७५ माथि छलफल गरियोस्" भनी राख्नुभएको प्रस्तावलाई सम्माननीय सभामुखले निर्णयार्थ प्रस्तुत गर्नुहुँदा सर्वसम्मतिबाट स्वीकृत भयो ।

त्यसपछि कृषि, सहकारी तथा प्राकृतिक स्रोत समितिको प्रतिवेदन सहित भुमि सम्बन्धी (आठौं संशोधन) विधेयक, २०७५ माथिको छलफलमा निम्नलिखित मा० सदस्यहरुले भाग लिनुभयो :-

१. मा० श्री खगराज खधिकारी
२. मा० श्री कृष्णभक्त पोखेल
३. मा० श्री यशोदा सुवेदी गुरुङ्ग
४. मा० श्री गंगा चौधरी (सत्गौवा)
५. मा० श्री कृष्णप्रसाद दाहाल
६. मा० श्री सत्यनारायण शर्मा खनाल
७. मा० श्री प्रेम सुवाल
८. मा० श्री भरतकुमार शाह
९. मा० श्री बिमला वि.क.
१०. मा० श्री पुष्पा भुसाल (गौतम)
११. मा० श्री प्रकाश रसाईली (स्नेही)
१२. मा० श्री छक्कबहादुर लामा
१३. मा० श्री सरिता गिरी
१४. मा० श्री मेटमणि चौधरी
१५. मा० श्री गौरीशंकर चौधरी
१६. मा० श्री सन्तकुमार थारु
१७. मा० श्री शान्ता चौधरी
१८. मा० श्री महेश्वरजंग गहतराज (अथक)
१९. मा० श्री मनकुमारी जि.सी.

तदुपरान्त मा० भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्री श्री पद्मा कुमारी अर्यालले छलफलमा उठेका प्रश्नहरुको जवाफ दिनुभयो ।

तत्पश्चात सम्माननीय सभामुखले "भुमि सम्बन्धी (आठौं संशोधन) विधेयक, २०७५" का सम्बन्धमा कृषि, सहकारी तथा प्राकृतिक स्रोत समितिको प्रतिवेदनको क्रमसंख्या १ देखि १० सम्म उल्लेखित संशोधनहरुलाई निर्णयार्थ प्रस्तुत गर्नुहुँदा सर्वसम्मतिबाट स्वीकृत भयो ।

त्यसपछि सम्माननीय सभामुखले "भुमि सम्बन्धी (आठौं संशोधन) विधेयक, २०७५" का सम्बन्धमा कृषि, सहकारी तथा प्राकृतिक स्रोत समितिको प्रतिवेदनको क्रमसंख्या १ देखि १० सम्म उल्लेखित संशोधनहरुलाई विधेयकको अंग बनोस् भनी निर्णयार्थ प्रस्तुत गर्नुहुँदा सर्वसम्मतिबाट स्वीकृत भयो ।

तदुपरान्त सम्माननीय सभामुखले विधेयकको दफा २ देखि २० सम्म "भुमि सम्बन्धी (आठौं संशोधन) विधेयक, २०७५" को अंग बनोस् भनी निर्णयार्थ प्रस्तुत गर्नुहुँदा सर्वसम्मतिबाट स्वीकृत भयो ।

तत्पश्चात सम्माननीय सभामुखले विधेयकको प्रस्तावना र नाम पढेर सुनाउनु हुँदै "भुमि सम्बन्धी (आठौं संशोधन) विधेयक, २०७५" को अंग बनोस् भनी निर्णयार्थ प्रस्तुत गर्नुहुँदा सर्वसम्मतिबाट स्वीकृत भयो ।

त्यसपछि मा० भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्री श्री पद्मा कुमारी अर्यालले "भुमि सम्बन्धी (आठौं संशोधन) विधेयक, २०७५ लाई पारित गरियोस्" भनी राख्नुभएको प्रस्तावलाई सम्माननीय सभामुखले निर्णयार्थ प्रस्तुत गर्नुहुँदा सर्वसम्मतिबाट स्वीकृत भयो ।

तदनन्तर बैठक २०७६ साल भदौ ५ गते बिहीबार दिनको १:०० बजे बस्नेगरी अपरान्ह ५:०५ बजे स्थगित भयो ।

मनोहरप्रसाद भट्टराई
संघीय संसदको महासचिव